## मिति २०७९।१२।०४ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०७९/०८० को बाह्रौं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** एघारौं नगर कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको अवस्थाका विषयमा समिक्षा गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको तर्फबाट आगामी आर्थिक वर्ष २०८०।०८१ को लागि गण्डकी प्रदेश सरकारमा समपुरक तथा विशेष अनुदान अन्तरगत देहायका योजनाहरु माग गरी पठाउने निर्णय गरियो ।

| | | |
|---|---|---|
| **समपुरक अनुदान तर्फ** | | |
| १ | वडा नं. ३ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ४० लाख |
| २ | वडा नं. १५ को वडा कार्यालय भवन निर्माण | अनुमानित लागत १ करोड ४० लाख |
| ३ | वडा नं. (१-९) को गैंडाकोट रिङरोड निर्माण | अनुमानित लागत १ करोड ५० लाख |
| **विशेष अनुदान तर्फ** | | |
| १ | झरही खोला तटबन्धन (वडा नं. १५-१७ क्रमागत) | अनुमानित लागत १ करोड |
| २ | सिख्रौली चोक देखि चन्द्रनाथ पराजुलीको घरसम्मको सडक निर्माण (वडा नं. १३) | अनुमानित लागत १ करोड |
| ३ | मणिमुकुन्दसेन दरबार क्षेत्रको पर्यटन प्रवर्द्धन (वडा नं. ३, ) | अनुमानित लागत १ करोड |
| ४ | ककरसोत सिंचाई संरचना निर्माण (वडा नं ११-१३) | अनुमानित लागत १ करोड |
| ५ | सत्य हरिहर नारायणी पार्क निर्माण (वडा नं. १७) | अनुमानित लागत ५० लाख |
| ६ | कालिका पार्क निर्माण (वडा नं. ६ र ८) | अनुमानित लागत ५० लाख |

**निर्णय नं.३** गैंडाकोट नगरपालिकाको आर्थिक वर्ष २०७७।७८ को ठेक्का नं. ०३।०७७।७८ मा श्री हिरोज कन्स्ट्रक्सनसँग भएको सम्झौता बमोजिम अनुगमन समितिको प्रतिवेदन समेतका आधारमा नपुग हुन गएको परिमाण १९६९५ घन मिटर उत्खनन गर्न मिति २०७९।१०।२० को यस आर्थिक वर्षको नवौं नगर कार्यपालिका बैठकको निर्णयानुसार राजस्व दाखिला गरी सम्झौता गर्न आउन पत्राचार गरिएकोमा सम्बन्धित निर्माण व्यवसायी निर्णयानुसार तोकिएको समय भित्र राजस्व दाखिला गरी सम्झौता गर्न नआएकोले निजसँगको उक्त आय ठेक्का सम्झौता अन्त्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** नगर विपद् व्यवस्थापन समितिको मिति २०७९।११।१९ को निर्णयानुसार गैंडाकोट नगरपालिका वडा नं. ७ को मुरलीटार, विस्नेघाट र खलेचौर क्षेत्रको स्थलगत भ्रमण समेत गरी ती क्षेत्रबाट वातावरणीय अध्ययनको आधारमा थप नदिजन्य पदार्थ उत्खनन तथा संकलन गरी घाट गद्दी वा अन्य तरिकाबाट व्यवस्थापन गर्ने भनी भएको निर्णयको सम्बन्धमा बैठकमा छलफल भयो । विपद् व्यवस्थापन समितिको निर्णयानुसार शुरु गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त गरी आगामी वर्षात पूर्व नै ती क्षेत्रबाट क्षेत्रबाट नदिजन्य पदार्थ घाटगद्दी एवं विक्री व्यवस्थापन गर्नको लागि सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम तिस दिनको बोलपत्र आव्हान गर्दा वर्षात अगाडी नदिजन्य पदार्थ संकलन, उत्खनन तथा विक्रि व्यवस्थापन गर्न नसकीय नगरको राजस्व गुम्ने तथा नगरको हित सम्वर्द्धन गर्न नसकिने भई सार्वजनिक खरिद ऐनको दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम विषेश परिस्थिति परेकोलेले प्रारम्भिक वातावरणीय अध्ययनको आधारमा परिमाण एकिन हुने गरी हाललाई नगरपालिकाको तर्फबाट अनुमानित २ लाख घनमिटर नदिजन्य पदार्थ घाटगद्दी गर्ने गरी नगर कार्यपालिकाको कार्यालयबाट पेश भएको लागत अनुमान स्वीकृत गरी १५ दिनको विद्युतीय बोलपत्र आव्हान गर्ने निर्णय गरियो । साथै यसरी घाटगद्दीको लागि लाग्ने खर्च नगर विपद् व्यवस्थापन कोषबाट पछि

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ता कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

सोही नदिजन्य पदार्थको विक्री वितरणबाट सोध भर्ना हुने गरी खर्च गर्ने र विपद् व्यवस्थापन कोषमा जम्मा हुने रकम नदिजन्य पदार्थ विक्रि वितरणको आन्तरिक श्रोत वा अन्य स्रोतबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय न. ५** गैंडाकोट नगरपालिकाको "स्थानीय निर्माणकर्मी इजाजत सम्बन्धी कार्यविधि, २०७९" स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय न. ६** गैंडाकोट नगरपालिकाले आगामी २०८० सालका लागि देहाय बमोजिमका स्थानीय सार्वजनिक विदाहरु दिने निर्णय गरियो ।

| क्र.सं. | विदाको प्रकार | विदा लागू हुने मिति |
|---|---|---|
| १ | अन्तराष्ट्रिय आदिवासी जनजाति दिवस | २०८० श्रावण २४ गते बुधबार |
| २ | हरितालिका तीज व्रत | २०८० असोज १ गते सोमबार |
| ३ | जितिया पर्व | २०८० असोज ७ गते आईतबार |
| ४ | हरिबोधिनी एकादशी(तुलसी बिवाह) | २०८० मंसिर ७ गते विहिबार |
| ५ | ४२ औं मगर एकता दिवस | २०८० फागुन १५ गते मंगलबार |

**निर्णय नं .७** गैंडाकोट नगरपालिका क्षेत्र भित्र नक्सा पास नभई निर्माण भएका संरचनाहरुको देहाय बमोजिमको प्रक्रिया पुरा गरी अभिलेखीकरण तथा घन निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध गराउने निर्णय गरियो ।

१. यस नगर क्षेत्रभित्र रहेका सम्पूर्ण पुराना (नगरपालिका कार्यान्वन हुनुपुर्ब) बनेका आवासीय, औद्योगिक, ब्यापारिक, संस्थागत तथा अन्य भवनको अभिलेख गर्न आवहान गर्दै ६० दिने सूचना जारी गर्ने । पुराना भवनहरुको हकमा भने प्रचलित आर्थिक ऐनमा उक्लेख भए बमोजिमको राजस्व लिने ।

२. नक्सा पास नगरी तथा नक्सा पास स्वीकृती लिई स्वीकृत बेगर निर्माण गरेका तर सडक मापदण्ड पुरा गरी निर्मित बनेका भवनहरुको हकमा तेब्बर दस्तुर लिई अभिलेख प्रमाण पत्र जारी गर्ने ।

३. निर्माण स्वीकृत लिएको २ बर्ष कटेको तर ४ बर्ष भित्रमा निर्माण सम्पन्न नलिएका भवनहरुको हकमा स्वीकृत नक्सा भित्र रही निर्माण सम्पन्न गरेकालाई म्याद थपको दस्तुर लिई प्रक्रियामा ल्याई निर्माण सम्पन्न प्रमाण पत्र दिने र ४ वर्ष भित्रमा निर्माण सम्पन्न नलिएका भवनहरुको हकमा स्वीकृत नक्सा भित्र रही निर्माण सम्पन्न गरेकालाई वडाको सिफारिस र जरिवाना शुल्क रु ५,०००/- लिएर निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गर्ने ।

४. आवासीय तथा व्यापारिक भवन निर्माणको लागि घडेरीको न्युनतम साईज "भवन तथा योजना मापदण्ड, २०७४" लागु हुनु पूर्व कायम भै सकेका कित्ताको हकमा नगरपालिकाको अन्य मापदण्ड पुरा गरि भवन निर्माण इजाजत प्रदान गर्ने ।

**निर्णय न. ८** गैंडाकोट नगरपालिका वडा नं. ५ र ९ को विभिन्न मितिको निर्णयानुसार सिफारिस भई आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| वडा नं. | साविकको योजना | रकम | परिवर्ति योजना शिर्षक | रकमान्तर योजना रकम |
|---|---|---|---|---|
| ५ | राधाकृष्ण मन्दिर परिसरमा पार्क निर्माण | रु.२,००,०००/- | राधाकृष्ण मन्दिर परिसरमा स्नान स्थल निर्माण | रु.२,००,०००/- |

मुक्तिराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ५ | आदर्श सरस्वती टोल ग्रावेल | रु.४,००,०००/- | गंगाधाम मार्ग स्तरोन्नती | रु.१,००,०००/- |
| | | | सगरमाथा टोलको मिलिजुलि मार्ग ग्रावेल | रु. १,५०,०००/- |
| ५ | सहमति मार्ग | रु.६,००,०००/- | वागेश्वरी मार्ग | रु. ५,००,०००/- |
| | | | नारायणी टोल र कुसुमघाट टोल विचको राधाकृष्ण मार्ग मर्मत | रु. १,००,०००/- |
| ५ | पतनादेवी मार्ग | रु.१०,००,०००/- | स्याङताङ मार्ग | रु.१०,००,०००/- |
| ५ | पूर्ण टोल रि-पिच | रु.३,००,०००/- | स्याङताङ मार्ग | रु.३,००,०००/- |
| ९ | वडास्तरीय शिपमुलक ड्राईभिङ तालिम | रु.२,००,०००/- | वडा भित्रका बाटो ग्रावेल | रु.२,००,०००/- |

**निर्णय न. ८** गैंडाकोट नगरपालिकाको वार्षिक योजना तथा कार्यक्रममा विनियोजित तपशिल बमोजिमका शिर्षकहरुबाट तपशिल सम्मको एकमुष्ट रकममा बोलपत्र आव्हान गरी यसरी वोलपत्र पश्चात ठेक्का सम्झौताको क्रममा नपुग हुने रकम नगरको आन्तरिक श्रोतबाट व्यहोर्ने निर्णय गरियो।

- वडा नं. ६ को वडा कार्यालय भवन अधिकतम लागत रु. १ करोड ६२ लाख सम्म
- वडा नं. ६ र २ का देहायका बाटोहरुको लागि अधिकतम रकम रु. १ करोड १० लाख ५५ हजार सम्म
  - ➢ वडा नं. ६ को सहनशील कृषि मार्ग बाटो पिच
  - ➢ वडा नं ६ को गंगा कंडेलको घर देखि टोलटोले चौतारो सम्म बाटो स्तरोन्नति
  - ➢ वडा नं. ६ का बाटोहरु कालोपत्रे स्तरोन्नति
  - ➢ वडा नं. ६ को भेल्लर घारी तटबन्धनबाट रकमान्तर हुनेगरी
  - ➢ वडा नं. २ को विशाल चोक देखि श्रीनगर मार्ग
- वडा नं. १४ र १५ का देहायका बाटोहरु स्तरोन्नती गर्ने कार्यका लागि अधिकतम रकम रु . ५१ लाख सम्म
  - ➢ सहमिल मार्ग स्तरोन्नति वडा नं. १५
  - ➢ बालउदय मार्ग पिच वडा नं. १५
  - ➢ सल्लाघारी देखि जलदेवी सम्म बाटो पिच वडा नं. १४

**निर्णय न. ९** गैंडाकोट नगरपालिकाको लागि संघीय पुँजीगत अनुदान तर्फबाट खर्च हुने गरी शिर्षक नं. ९५६ "गैंडाकोट खापाआ, नवलपुर, सुस्ता पूर्व" शिर्षक बाट वडा नं. १४ मा खानेपानी आयोजनाको लागि विद्युत लगायतका संरचना निर्माण गरिएकोमा उक्त शिर्षकको केहि बजेट संघीय सरकारमा फिर्ता भई गएकाले नपुग हुने रकम संघीय पुँजीगत अनुदान तर्फको शिर्षक नं. ९५७ "गैंडाकोट खा.पा.आ." शिर्षक बाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो।

गुप्तिराज रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख